# जनसंख्या मासिक

वर्ष १ | अङ्क ६ | २०८० असोज-कार्तिक | २०२३ अक्टोवर


## सम्पादकीय................

जनसंख्या मासिकको छैटौं अङ्क लिएर हामी तपाईंहरू समक्ष आएका छौं । यस मासिकमा राष्ट्रिय जनगणना २०७८ का मुख्य मुख्य नतिजाहरू तथा जनसंख्या तथ्याङ्कसँग सम्बन्धित महिना भरी गरेका गतिविधीहरू प्रकाशन हुने गरेका छन् ।

जनगणनामा अक्सर बसोबास गरेको आधारमा व्यक्तिको गन्ती गरिएको हुन्छ । यसको अर्थ अध्ययन, रोजगारी वा अन्य कुनै सिलसिलामा परिवारमा अनुपस्थित भई अक्सर विदेशमा बसोबास गरिरहेका व्यक्तिहरू कुल जनसंख्यामा समेटिएका छैनन् । विदेशमा अक्सर बसोबास गरेका र स्वदेश फर्कने सम्भावना भएका व्यक्ति जनगणनाको समयमा २१,९०,५९२ (७.७७ जना प्रति १०० जनसंख्यामा) रहेका थिए । यसलाई अनुपस्थित विदेश जनसंख्याको सुचिमा राखिएको छ । परिवारमा अनुपस्थित भई स्वदेशभित्र अन्यत्र बसोबास गर्ने २२,६७,२३६ (७.५१ जना प्रति १०० जनसंख्यामा) रहेका छन् । यो संख्या स्वदेशभित्र अक्सर बसोबास गर्ने भएकोले अक्सर बसोबास गरेको स्थानको कुल जनसंख्यामा समावेश गरिएको हुन्छ । यस अंकको पृष्ठ दुईमा जनगणनाको समयमा आफ्नो स्थायी घर भन्दा बाहिर परिवारमा अनुपस्थित भई स्वदेशमै बस्नेको जनसंख्या र विदेशमा बस्नेको जनसंख्या अलग अलग सूचक समेटेर प्रकाशन गरिएको छ । यसले जनसंख्याको संरचना हेर्न र जनसंख्याको आधारलाई बुझ्न सजिलो हुने अपेक्षा गरिएको छ ।

यस प्रकारका तथ्याङ्क प्रदेश, जिल्ला हुँदै स्थानीय तहसम्म नै प्रकाशन गरिएको छ । त्यसैले हरेक स्थानीय तहले पनि नीति र कार्यक्रम बनाउदा आफ्नो क्षेत्रबाट रोजगारी वा अध्ययनका लागि केही समय देश भित्र र बाहिर गएको जनसंख्यालाई केन्द्रित गरी कार्यक्रम बनाउन सहज हुनेछ ।

## जनमत पार्टीका अध्यक्ष सिके राउतलाई जनगणना प्रतिवेदन हस्तान्तरण



विभिन्न राजनीतिक दलका नेताहरूलाई जनगणनाका नतिजाको जानकारी र प्रतिवेदन हस्तान्तरण गर्ने क्रममा जनमत पार्टीका अध्यक्ष डा.सिके राउतलाई जनगणना प्रतिवेदन हस्तान्तरण गरिएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी नेविन लाल श्रेष्ठ र निर्देशक ढुण्डिराज लामिछाने सहितको टोलीले डा. राउतलाई पार्टी कार्यलय बुद्धनगरमा भेटेर जनगणना नतिजाको ब्रिफिङ गर्नुभएको हो । भेटमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री एवं जनमत पार्टीकी केन्द्रीय सदस्य अनिता देवी पनि सहभागी हुनुहुन्थ्यो ।

उपप्रमुख तथ्याङ्क अधिकारी श्रेष्ठले जनगणनाको संक्षिप्त इतिहास, २०७८ को जनगणना सञ्चालन प्रक्रिया र यसको नतिजाका मुख्य मुख्य विषयहरू जानकारी गराउनुभयो । निर्देशक लामिछानेले जनगणनाको तथ्याङ्क नीति निर्माण तहमा बहस र विमर्श हुनुपर्ने बताउनुभयो ।

डा.सिके राउतले तथ्याङ्कको उपयोगबाट मात्रै विकास निर्माण सफल हुने बताउनुभयो । उहाँले संसदमा जनगणनाको तथ्याङ्कका बारेमा बहस गरिने बताउनुभयो ।

### आगामी महिना हुने गतिविधिहरू

१. Population Composition in Nepal र Housing and Household status in Nepal विषयगत दुई प्रतिवेदनहरू प्रकाशन गर्ने
२. सहरी तथा ग्रामीण वर्गीकरण (Degree of Urbanization) सम्बन्धी प्रतिवेदन तयारी गर्ने
३. राष्ट्रिय जनगणनासँग सञ्चारकर्मी नामक पुस्तक तयार गर्ने
४. जनसंख्या तथ्याङ्क साक्षरता पुस्तिका तयार गर्ने
५. प्रदेशस्तरीय जनसांख्यिक सूचक तयार गर्ने
६. अन्य १६ वटा विषयगत प्रतिवेदन तयारको लागि प्रारम्भिक कार्य गर्ने

## घर तथा घरपरिवारसँग सम्बन्धित थप तथ्याङ्क सार्वजनिक

राष्ट्रिय तथ्याङ्क कार्यालयलले राष्ट्रिय जनगणना २०७८ को नतिजा सार्वजनिक गर्ने क्रममा घर तथा घरपरिवारसँग सम्बन्धित केही नयाँ तथ्याङ्कहरू सार्वजनिक गरेको छ । कात्तिक १३ गते प्रेस विज्ञप्ती जारी गरेर सार्वजनिक गरिएको नतिजामा विभिन्न ६ प्रकारका तथ्याङ्कहरू सार्वजनिक गरिएको छ ।

घर तथा घरपरिवार सुचिकरण फारम अन्तर्गत संकलित सुचनाहरू मध्ये घरको मुख्य प्रयोग, घरको तला, घरको मुख्य प्रयोग अनुसार घरको आयु, सरकारी अनुदान प्राप्त गरी आवासीय घर निर्माण गरेका परिवारको तथ्याङ्क सार्वजनिक गरिएको हो । यसैगरी बैंक तथा वित्तीय संस्थामा खाता रहेका परिवारको संख्या, प्राविधिक तथा व्यावसायिक शिक्षा वा तालिम लिएका परिवार र बैंक र सहकारी संस्था वा वित्तीय संस्थाबाट ऋण सुविधा लिएका परिवार सम्बन्धी सूचकहरू समेटेर नतिजा प्रकाशन गरिएको हो ।

सार्वजनिक नतिजा अनुसार ७५ लाख ५२ हजार ६६ वटा घरहरू मध्ये सबैभन्दा बढी ५९.८२ प्रतिशत एकतले घर रहेका छन् । निर्माण अवधीको आधारमा घरको आयुलाई १२ वटा वर्गमा वर्गिकरण गरिएको छ । जसमध्ये सबै भन्दा बढी २७.९५ प्रतिशत घरहरू ०-४ वर्षका रहेका छन् । ६६ लाख ६० हजार ८ सय ४१ परिवार मध्ये १०.२७ प्रतिशतले आवासीय घर निर्माण गर्दा सरकारी अनुदान लिएको देखिएको छ । यसैगरी ६१.८९ प्रतिशत परिवारका कम्तीमा एकजना सदस्यको नाममा बैंक तथा वित्तीय संस्थामा



खाता रहेको पाइएको छ । कुल परिवार मध्ये १२.५५ प्रतिशत परिवारमा कम्तिमा एक जना व्यक्तिले प्राविधिक तथा व्यावसायिक शिक्षा वा तालिम लिएको देखिन्छ । कुल परिवारको २५.५९ प्रतिशत परिवारले बैंक तथा वित्तिय संस्था वा सहकारी संस्थाबाट ऋण लिएको देखिन्छ । कार्यलयले यी तथ्याङ्कहरू प्रादेशिक तथा स्थानीयस्तरमा पनि सार्वजनिक गरेको छ ।

यी तथ्याङ्कलाई विस्तृत रूपमा हेर्नका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयको वेवसाइट https://www.nsonepal.gov.np वा https://censusnepal.cbs.gov.np/.../down.../household-results मा क्लिक गर्न सकिन्छ ।

https://censusnepal.cbs.gov.np/.../down.../household-results

## राष्ट्रिय जनगणना २०७८ को नतिजा सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया

राष्ट्रिय तथ्याङ्क कार्यालयले बाग्लुङ र रूकुम पश्चिममा राष्ट्रिय जनगणना २०७८ को नतिजा प्रकाशन र सचेतनासम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ । बाग्लुङको बाग्लुङ बजार र रूकुम पश्चिमको मुसिकोटमा भएको कार्यक्रममा राष्ट्रिय जनगणना २०७८ का नतिजा लगायत विविध पक्षमा छलफल भएको थियो ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको तर्फबाट राष्ट्रिय तथ्याङ्क कार्यालय र यसले सम्पादन गर्ने प्रमुख कार्यहरू विषयमा कार्यालयका निर्देशक ऋषीराम सिग्देलले प्रष्तुत गर्नुभएको थियो । उक्त प्रष्तुतिमा राष्ट्रिय जनगणना २०७८ मा बाग्लुङ जिल्लाको जनसांख्यिक अवस्थाका बारेमा पनि प्रष्तुतिहरू राखिएको थियो । प्रष्तुतिमा नेपालको जनसंख्या, जनसंख्या वृद्धिदरको अवस्था, जनसंख्याको प्रवृति, बाग्लुङ जिल्लाको जनसंख्या, यहाँको जनसंख्या वृद्धिदर, बाग्लुङको जनसंख्या पिरामिड आदि विषयहरू प्रष्तुतिमा राखिएको थियो ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रष्तुतिमा सहभागीहरूले विभिन्न जिज्ञासाहरू राखेका थिए । खासगरी राष्ट्रिय जनगणनाको तथ्याङ्कका विषयमा सहभागीहरूका तर्फबाट जनगणना गर्ने प्रक्रियामा पुनर्विचार गर्न व्यापक माग उठेको छ । उनीहरूले अक्सर बसोबास भन्दा स्थायी बसोबासका आधारमा जनगणना संकलन गर्नुपर्ने माग गरेका थिए ।

कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयका सचिव एवं प्रमुख तथ्याङ्क अधिकारी तोयम रायाले राष्ट्रिय जनगणनासँग जोडिएका कैयन् समसामयिक सवालहरूले आगामी जनगणनाका लागि यथेष्ट मार्गदर्शन गरेको कुरा बताउनुभयो । नेपाल सरकारले एकीकृत तथ्याङ्क प्रणालीको सुदृढीकरणका लागि हालै उच्चस्तरबाट निर्णय गरेको प्रसङ्ग पनि उहाँले उल्लेख गर्नुभयो । राष्ट्रिय तथ्याङ्क कार्यालय आफ्नो संगठन तथा व्यवस्थापनको चरणमा रहेको र आउँदा दिनमा प्रदेश र स्थानीय तहको तथ्याङ्कीय क्षमता र साक्षरता अभिबृद्धिका कार्यक्रमहरूलाई विस्तारित रूपमा लैजानुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो ।



यसैगरी रूकुम पश्चिमको मुसिकोटमा पनि राष्ट्रिय जनगणना २०७८ को नतिजा प्रकाशन सम्बन्धी सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयको तर्फबाट राष्ट्रिय तथ्याङ्क कार्यालयको परिचयात्मक प्रस्तुति, राष्ट्रिय तथ्याङ्क कार्यालय र यसले सम्पादन गर्ने प्रमुख कार्यहरू विषयको कार्यपत्र निर्देशक राजन सिलवालले प्रष्तुत गर्नुभएको थियो । कार्यालयको प्रष्तुतिमा राष्ट्रिय तथा जिल्लाको जनसंख्या, जनसंख्या वृद्धिदर, जनगणनामा अनुपस्थित जनसंख्या आदि तथ्याङ्कहरू समेटिएको थियो ।

कार्यक्रमका सहभागीहरूले जनगणनाको समयमा डेरामा बस्ने जनसंख्या विविध कारणले छुटेको गुनासो गरेका थिए । उनीहरूले वडास्तरसम्मको जनसंख्या उपलब्ध हुनुपर्ने माग पनि गरेका थिए ।

सहभागीहरूका जिज्ञासालाई सम्बोधन गर्दै राष्ट्रिय तथ्याङ्क कार्यालयका सचिव तोयम रायाले प्रयोगकर्ताहरूलाई आवश्यक पर्ने विविध विषयक्षेत्रका तथ्याङ्क छन् तर ती सबै उत्पादन र वितरण गर्न राष्ट्रिय तथ्याङ्क कार्यालय एक्लैले नसक्ने यसका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय तथ्यगत कार्यक्रममार्फत संघ, प्रदेश र स्थानीय तहसम्मको एकीकृत र विस्तारित क्षेत्रका तथ्याङ्कहरू एकै प्लेटफर्मबाट उपलब्ध गराउन चाहेको र यसका लागि स्थानीय तहहरूको तदारूकता र सहयोग आवश्यक पर्ने कुरा बताउनुभयो । उहाँले जनगणनाको समयमा सबै उत्तरदाताले सोधिएको प्रश्नको उत्तर दिनु आफ्नो कर्तव्य भएको स्पष्ट पार्नुभयो ।

# परिवारबाट स्वदेश वा बिदेशमा अनुपस्थित र अक्सर बसोबास गर्ने जनसंख्याको अनुपात, राष्ट्रिय जनगणना २०७८

| भौगोलिक क्षेत्र | | कम्तिमा १ जना अनुपस्थित सदस्य स्वदेशमा बसोबास गर्ने परिवारको प्रतिशत | परिवारमा अनुपस्थित भई स्वदेशमा बसोबास गर्ने र अक्सर बसोबास गर्नेको अनुपात (जना प्रति १०० जना अक्सर बसोबास गर्ने जनसंख्यामा) | | | कम्तिमा १ जना अनुपस्थित सदस्य बिदेशमा बसोबास गर्ने परिवारको प्रतिशत | परिवारमा अनुपस्थित भई बिदेशमा बसोबास गर्ने र अक्सर बसोबास गर्नेको अनुपात (जना प्रति १०० जना अक्सर बसोबास गर्ने जनसंख्यामा) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला | | जम्मा | पुरुष | महिला |
| नेपाल | | १३.३४ | ७.७७ | ९.०८ | ६.५२ | २३.३४ | ७.५१ | १२.६३ | २.६२ |
| शहरी/ ग्रामिण | | | | | | | | | |
| १ | नगर-पालिका | ११.३२ | ६.१३ | ७.३२ | ४.९९ | २३.३२ | ७.६१ | १२.५५ | २.८६ |
| २ | गाउँ-पालिका | १७.४९ | १०.९९ | १२.५७ | ९.४८ | २३.३८ | ७.३२ | १२.७७ | २.१६ |
| भौगोलिक क्षेत्र | | | | | | | | | |
| १ | हिमाल | २२.७८ | १५.०४ | १६.९८ | १३.१६ | १६.३४ | ६.५५ | ९.३६ | ३.८१ |
| २ | पहाड | १७.२४ | ११.९ | १३.५ | १०.३९ | २३.४६ | ८.४३ | १३.७८ | ३.३६ |
| ३ | तराई | ८.७ | ३.८५ | ४.८९ | २.८४ | २४.०९ | ६.९३ | १२.१४ | १.९३ |
| प्रदेश | | | | | | | | | |
| १ | कोशी | १२.८९ | ७ | ८.०१ | ६.०४ | २२.६५ | ६.९१ | ११.८६ | २.२२ |
| २ | मधेश | ६.६३ | ३.०८ | ३.९४ | २.२३ | २१.७९ | ४.९८ | ९.५४ | ०.३९ |
| ३ | बागमती | १४.९८ | ११.६७ | १२.७९ | १०.५५ | १८.०३ | ६.५१ | ९.१९ | ३.८४ |
| ४ | गण्डकी | २०.६३ | १४.७१ | १६.६९ | १२.९२ | ३१.३८ | ११.६२ | २०.४८ | ३.६१ |
| ५ | लुम्बिनी | १२.६५ | ६.३१ | ७.८५ | ४.८८ | २६.९८ | ८.२२ | १४.९८ | २ |
| ६ | कर्णाली | १४.१७ | ७.२ | ८.७५ | ५.७४ | १७.१३ | ५.५९ | ९.३८ | १.९७ |
| ७ | सुदुर-पश्चिम | १५.७५ | ७.८ | १०.२५ | ५.६ | २९.८२ | १२.७५ | २०.०९ | ६.१७ |
| जिल्ला | | | | | | | | | |
| १ | ताप्लेजुङ | १३.११ | ७.१४ | ७.४५ | ६.८२ | १७.४४ | ५.१७ | ८.८४ | १.४४ |
| २ | संखुवासभा | २१.४९ | १२.११ | १३.०३ | ११.१८ | १६.२६ | ५ | ८.६२ | १.३३ |
| ३ | सोलुखुम्बु | २३.५८ | १५.३६ | १६.०२ | १४.७ | १४.२१ | ४.७२ | ६.८१ | २.६ |
| ४ | ओखलढुङ्गा | २५.२८ | २३.१६ | २५.५१ | २०.९२ | १५.९ | ५.३४ | ९.१९ | १.६७ |
| ५ | खोटाङ | २६.७७ | १७.८१ | १९.०३ | १६.६२ | २१.२१ | ६.३९ | ११.६५ | १.२६ |
| ६ | भोजपुर | २३.२९ | १५.१२ | १६.२२ | १४.०४ | १८.६८ | ५.७७ | १०.३१ | १.३१ |
| ७ | धनकुटा | २०.६२ | १२.५८ | १३.३५ | ११.८४ | २१.१९ | ६.३७ | ११.४६ | १.४७ |
| ८ | तेह्रथुम | १७.६४ | १०.१६ | ११.१६ | ९.२ | २१.४१ | ६.५१ | ११.९८ | १.२२ |
| ९ | पाँचथर | १८.१९ | ९.८६ | १०.३७ | ९.३५ | २२.२५ | ६.७९ | १२.०५ | १.५९ |
| १० | ईलाम | १३.८७ | ६.८९ | ७.२६ | ६.५२ | २०.९८ | ६.७४ | १०.७२ | २.७८ |
| ११ | झापा | ८.७ | ३.८६ | ४.६९ | ३.१ | २८.४८ | ९.१५ | १५.२६ | ३.५२ |
| १२ | मोरङ | ८.३७ | ३.७९ | ४.५७ | ३.०५ | २२.३१ | ६.६१ | ११.४५ | २.०४ |
| १३ | सुनसरी | ७.४३ | ३.०८ | ३.९६ | २.२४ | २२.७८ | ६.७ | ११.५९ | २.१ |
| १४ | उदयपुर | २१.५३ | १२.१२ | १४.८४ | ९.६२ | २१.५९ | ६.१७ | ११.३१ | १.४१ |
| १५ | सप्तरी | ६.७६ | ३.३३ | ४.३९ | २.२९ | १९.६ | ४.७४ | ९.२ | ०.३३ |
| १६ | सिराहा | ४.४४ | २.०६ | २.७२ | १.४३ | ३२.२६ | ७.६३ | १५.२७ | ०.२६ |
| १७ | धनुषा | ५.२६ | २.६६ | ३.३३ | २ | ३४.४४ | ८.४९ | १६.७३ | ०.४ |
| १८ | महोत्तरी | ५.७ | २.८८ | ३.६७ | २.११ | ३०.७७ | ७.४५ | १४.६३ | ०.४५ |
| १९ | सर्लाही | ७.८ | ३.६९ | ४.५९ | २.७८ | १७.६२ | ४.०७ | ७.५१ | ०.५७ |
| २० | रौतहट | ७.४९ | ३.०८ | ४.०६ | २.०९ | १३.८६ | २.९४ | ५.५४ | ०.३१ |
| २१ | बारा | ८.२१ | ३.३ | ४.२१ | २.३५ | ११.०३ | २.२७ | ४.०६ | ०.४१ |
| २२ | पर्सा | ८.०२ | ३.६९ | ४.५१ | २.८३ | ८.२६ | १.७७ | ३.०८ | ०.३७ |
| २३ | दोलखा | २८.८१ | २७.४९ | ३०.९१ | २४.२८ | १३.५४ | ५.२७ | ८.१२ | २.५९ |
| २४ | सिन्धु-पाल्चोक | ३१.८४ | २८.१२ | ३०.८९ | २५.४५ | १७.७८ | ६.६८ | ८.६३ | ४.७८ |
| २५ | रसुवा | १६.७२ | १०.३६ | १०.५३ | १०.१७ | १६.२५ | ४.९३ | ५.५३ | ४.३ |
| २६ | धादिङ्ग | २७.२१ | २०.९ | २३.१३ | १८.७८ | १७.८५ | ५.८५ | ९.९७ | १.९२ |
| २७ | नुवाकोट | ३०.३१ | २४.८५ | २७.५४ | २२.२६ | १७.४७ | ५.९३ | ९.४३ | २.५६ |
| २८ | काठमाडौं | ६.६५ | ४.४५ | ४.६८ | ४.२१ | १७.८२ | ७.१ | ८.९७ | ५.१६ |
| २९ | भक्तपुर | ६.१२ | ३.३९ | ३.७८ | ३ | १५.९४ | ५.५६ | ७.३१ | ३.७७ |
| ३० | ललितपुर | ५.७१ | ३.९९ | ४.२३ | ३.७५ | १७.२ | ६.६८ | ८.४१ | ४.९५ |
| ३१ | काभ्रे-पलाञ्चोक | २९.०८ | २६.२७ | २९.०९ | २३.५४ | १६.५१ | ५.४५ | ८.२८ | २.७३ |
| ३२ | रामेछाप | ४३.५९ | ४९.३३ | ५६.१९ | ४३.१३ | १५.८२ | ५.७९ | ९.७४ | २.२१ |
| ३३ | सिन्धुली | २६.७७ | १८.८९ | २१.४६ | १६.४१ | १६.२६ | ४.५८ | ८.१७ | १.१२ |
| ३४ | मकवानपुर | १६.४१ | १०.७९ | १२ | ९.५७ | १५.०२ | ४.३ | ६.५२ | २.०५ |
| ३५ | चितवन | १०.६७ | ५.५४ | ६.७५ | ४.३९ | २६.१३ | ९.०४ | १४.४ | ३.९१ |
| ३६ | गोरखा | ३७.२६ | ३१.७८ | ३६.३४ | २७.७२ | २४.२ | ९.१९ | १६.३६ | २.८२ |
| ३७ | मनाङ | २९.९ | १६.८१ | १३.९१ | २०.५६ | १३.४२ | ५.६४ | ६.४२ | ४.६२ |
| ३८ | मुस्ताङ | ३४.३२ | १८.१५ | १६.४७ | २०.१९ | २०.६ | ८.३५ | ९.४२ | ७.०६ |
| ३९ | म्याग्दी | २१.३ | १३.८१ | १४.०१ | १३.६२ | २८.८६ | १०.०६ | १७.१८ | ३.२९ |
| ४० | कास्की | ८.९५ | ५.७ | ६.३३ | ५.०९ | २८.३२ | ११.०५ | १७.२८ | ५.१२ |
| ४१ | लमजुङ | २८.३ | २०.३१ | २२.६७ | १८.१८ | २९.५३ | १०.८३ | १९.९३ | २.५८ |
| ४२ | तनहुँ | २३.५९ | १६.८१ | १९.५२ | १४.४३ | ३२.७७ | ११.६४ | २२.२१ | २.३६ |
| ४३ | नवलपरासी-पूर्व | १२.७२ | ६.७३ | ८.१८ | ५.४४ | ३५.६२ | ११.८४ | २१.४५ | ३.३१ |
| ४४ | स्याङ्गजा | २८.०० | २२.६५ | २६.४२ | १९.४२ | ३७.०० | १३.९५ | २६.८२ | २.९३ |
| ४५ | पर्वत | २८.१ | २३.५३ | २७.१७ | २०.२८ | ३२.५८ | १२.५७ | २२.८८ | ३.३७ |
| ४६ | बागलुङ | २०.०३ | १२.५९ | १४.३७ | ११.०४ | ३५.७३ | १३.७१ | २४.३५ | ४.४१ |
| ४७ | रुकुम-पूर्व | १०.१४ | ५.८१ | ६.४१ | ५.२५ | १९.६५ | ५.४७ | १०.४१ | ०.८३ |
| ४८ | रोल्पा | १४.४३ | ७.६९ | ९.०९ | ६.४६ | २८.७८ | ८.५३ | १६.२१ | १.७७ |
| ४९ | प्युठान | १७.०६ | ८.५५ | ११.५२ | ६.१४ | ४१.२७ | १३.६७ | २७.८६ | २.१२ |
| ५० | गुल्मी | २८.५७ | २१.०३ | २५.८१ | १७.०५ | ४१.११ | १६.८६ | ३१.६७ | ४.५१ |
| ५१ | अर्घाखाँची | २७.२९ | २०.९३ | २५.९८ | १६.७१ | ४२.०२ | १६.९ | ३२.५६ | ३.८ |
| ५२ | पाल्पा | २६.०७ | १८.८५ | २२.४५ | १५.७८ | ३५.२९ | १२.५३ | २४.६४ | २.२ |
| ५३ | नवलपरासी-पश्चिम | ६.५४ | २.६२ | ३.३३ | १.९५ | २६.५ | ७.२२ | १३.०६ | १.७ |
| ५४ | रुपन्देही | ५.७५ | २.४३ | २.९६ | १.९१ | २४.७३ | ७.११ | १२.२१ | २.२ |
| ५५ | कपिलवस्तु | ५.८१ | २.१७ | २.७५ | १.६ | २५.४८ | ६.४३ | ११.७३ | १.३२ |
| ५६ | दाङ्ग | १०.४९ | ५.०१ | ६.४८ | ३.६८ | २५.७५ | ७.९१ | १४.७२ | १.७५ |
| ५७ | बाँके | ९.११ | ३.४५ | ४.७१ | २.२३ | १७.३९ | ४.९१ | ८.६६ | १.२७ |
| ५८ | बर्दिया | २०.६ | ८.६९ | १२.५८ | ५.२२ | १९.३७ | ६.३६ | ११.२९ | १.९६ |
| ५९ | डोल्पा | १०.९७ | ५ | ५.५२ | ४.४८ | ३.४५ | १.०१ | १.५३ | ०.४८ |
| ६० | मुगु | १७.६४ | ८.९८ | १०.६५ | ७.२९ | ५.८७ | १.७३ | २.६९ | ०.७६ |
| ६१ | हुम्ला | ३४.२३ | १९.०१ | २१.२९ | १६.६९ | ४.६८ | १.४४ | १.८४ | १.०३ |
| ६२ | जुम्ला | १५.१२ | ८.०७ | ९.३८ | ६.७५ | ६.५१ | २.२८ | ३.३५ | १.२१ |
| ६३ | कालीकोट | १४.९ | ८.५२ | ९.८१ | ७.२३ | १०.२५ | ३.८४ | ५.४३ | २.२८ |
| ६४ | दैलेख | १४.७ | ८.३९ | १०.२६ | ६.६८ | २२.४३ | ७.६७ | १३.४४ | २.३६ |
| ६५ | जाजरकोट | १०.३७ | ४.७५ | ५.६८ | ३.८४ | १०.१२ | ३.२४ | ५.०२ | १.४८ |
| ६६ | रुकुम -पश्चिम | १३.१ | ६.३४ | ७.५८ | ५.१७ | १९.३८ | ६.११ | १०.५ | १.९६ |
| ६७ | सल्यान | १०.८७ | ५.५४ | ६.६८ | ४.४९ | २३.४ | ७.१४ | १२.८२ | १.८४ |
| ६८ | सुर्खेत | १४.७१ | ६.५७ | ८.६५ | ४.६४ | २१.१९ | ७.४७ | १२.७३ | २.५८ |
| ६९ | बाजुरा | १९.१८ | १०.७५ | १३.१४ | ८.५२ | २२.०३ | १०.३५ | १४.३४ | ६.६ |
| ७० | बझाङ | १८.५८ | १०.२६ | १३.४६ | ७.४५ | ३३.१ | १८.०३ | २५.०६ | ११.८५ |
| ७१ | दार्चुला | २५.२ | १३.८२ | १७.३ | १०.५६ | १७.९ | ५.५९ | ९.८४ | १.६१ |
| ७२ | बैतड़ी | १६.५७ | ८.२८ | ११.३६ | ५.५५ | २६.५४ | ९.४२ | १६.३२ | ३.३ |
| ७३ | डडेल्धुरा | १८.१४ | ९.६९ | १२.७७ | ६.९४ | २९.६ | ११.१२ | १९.२६ | ३.८४ |
| ७४ | डोटी | १३.४७ | ६.७८ | ९.२१ | ४.७३ | ३९.०२ | १३.९५ | २५.३८ | ४.३३ |
| ७५ | अछाम | १६.५२ | ८.७३ | ११.६८ | ६.२१ | ३९.१३ | १९.३ | २९.४९ | १०.६१ |
| ७६ | कैलाली | १३.०६ | ६.३६ | ८.०१ | ४.८५ | २६.९५ | १२.२ | १८.४४ | ६.४५ |
| ७७ | कञ्चनपुर | १५.८ | ६.३ | ८.९८ | ३.९५ | ३२.४२ | १२.८९ | २१.४४ | ५.३६ |



**प्रकाशकः** जनसंख्या शाखा

**ठेगानाः** थापाथली, काठमाडौं, नेपाल

**फोन नं.:** ९७७-१-५३६५३२३ **इमेलः** population@cbs.gov.np